आज मिति २०७७ श्रावण १९ गते सोमवारका दिन यस लमही नगरपालिकाका नगर प्रमुख श्री कुलबहादुर के.सी.ज्यूको अध्यक्षतामा तपसिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी देहायका निर्णयहरु गरियो ।

## उपस्थिति

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री कुल बहादुर के.सी. | नगर प्रमुख | |
| २ | श्री देवका बेल्बासे | नगर उपप्रमुख | |
| ३ | श्री नुमराज पौडेल | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री नेपालु चौधरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री बाबुराम चौधरी | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री सुवाश न्यौपाने | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री विम बहादुर के.सी. | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री गणेशमान चौधरी | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री मोहन गिरी | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री मेघनारायण चौधरी | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री भेष बहादुर के.सी. | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री राधा देवी के.सी. | नगर कार्यपालिका सदस्य | |
| १३ | श्री नारायणी खड्का | नगर कार्यपालिका सदस्य | |
| १४ | श्री अनिता चौधरी | नगर कार्यपालिका सदस्य | |
| १५ | श्री पार्वती विश्वकर्मा | नगर कार्यपालिका सदस्य | |
| १६ | श्री सुनिता कुमारी चौधरी | नगर कार्यपालिका सदस्य | |
| १७ | श्री बम बहादुर विश्वकर्मा | नगर कार्यपालिका सदस्य | |
| १८ | श्री ठगे नेपाली | नगर कार्यपालिका सदस्य | |
| १९ | श्री रमेश कुमाल | नगर कार्यपालिका सदस्य | |
| २० | श्री टोपेन्द्र बहादुर के.सी. | सदस्य सचिव | |

Scanned with CamScanner

मिति २०७७।०४।१९ गते बसेको नगर कार्यपालिका बैठकको निर्णयहरु :

निर्णय नं. १ : लोक सेवा आयोगबाट सिफारिस भई स्थायी नियुक्ती भएका कर्मचारीहरुको कार्यसम्पादन मूल्यांङ्कनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाडौं च.नं. १२ मिति २०७७।०४।०१ को परिपत्र अनुसार यस लमही नगरपालिकामा लोक सेवा आयोगबाट सिफारिस भई स्थायी नियुक्ती भएका कर्मचारीको कार्यसम्पादन मूल्यांङ्कन फाराम स्वीकृत गर्ने ।

निर्णय नं. २ : श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) को च.नं. २३ मिति २०७७।०४।१२ को प्राविधिक सहायक नियुक्ति प्रक्रिया विषयको पत्र बमोजिम रोजगार सेवा केन्द्रमा चालु आ.व.मा शुरु भएको युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना अन्तर्गत यस नगरपालिकामा स्थानीय सेवाको पाचौं तह सरहको प्राविधिक सहायक पद (करार, १ जना) पदपूर्ति युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा १३ को उपदफा (६), (७), (८), (९), (१०) र ११ अनुसार नेपाल सरकार (मन्त्रिस्तर)को मिति २०७७।०४।११को निर्णयबाट स्वीकृत भएको "गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्वन्धी प्रक्रिया" बमोजिम गर्न स्वीकृत दिने र गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्वन्धी प्रक्रिया सम्वन्धि कार्यविधि अनुसार प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षतामा गठन हुने पदपूर्ति समिति सदस्यमा विषय विज्ञको रुपमा इन्जिनियर श्री सौगात वली तथा स्थानीय तहको महाशाखा/शाखा प्रमुख सदस्य-सचिव हुने व्यवस्था अनुसार अधिकृत छैठौं श्री लोकनाथ उपाध्याय लाई सदस्य-सचिव तोक्ने ।

निर्णय नं. ३ : निवेदक प्रेम बुढा विपक्षी लमही नगरपालिकाको कार्यालय समेत भएको निषेधाज्ञा/परमादेश मुद्दामा यस लमही नगरपालिकाको कार्यालय, लमही, दाङ र लमही नगरपालिकाको मेयर कुल बहादुर के.सी. समेत जना २ को नाममा सम्मानित श्री उच्च अदालत तुल्सीपुर, दाङबाट जारी भएको १५ दिने म्याद २०७७।०४।१६ गते तामेल भई पाएकोले उक्त म्याद भित्र लमही नगरपालिकाको कार्यालय र लमही नगरपालिकाका मेयर कुल बहादुर के.सी. समेतको तर्फबाट सम्मानित श्री उच्च अदालत तुल्सीपुर, दाङमा उपस्थित भई लिखित जवाफ प्रस्तुत गर्नको लागि, कानुन व्यवसायी नियुक्त गर्न र अन्तरीम आदेशको सन्दर्भमा छलफलको लागि २०७७।०४।२० गतेका दिन यस लमही नगरपालिकाको कार्यालयको तर्फवाट र यस नगरपालिकाका मेयरको समेतको तर्फवाट कानुन व्यवसायी नियुक्त गर्न, उपस्थित समेत हुनको लागि यस लमही नगरपालिकाका कार्यालयमा सहायक स्तर पाँचौं तहमा कार्यरत कर्मचारी श्री रेशमलाल शर्मालाई प्रतिनिधि नियुक्त गरी पठाउने ।

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ४ : आ.व. २०७४।०७५ मा श्री चन्द्र फर्निचर उद्योग, लमही नगरपालिका-२ बाट काठ दाउरा लिलाम विक्री वापत यस नगरपालिकाको आन्तरिक खातामा मिति २०७५।०३।०४ गते रसिद नं. ००१४०२२ बाट रु. ९७,०५१।-(सन्तानब्बे हजार एकाउन्न मात्र) जम्मा भएकोमा उक्त रकम संघीय राजश्व खातामा जम्मा गर्न चालु आ.व.को नगरसभावाट काठ विक्रीबाट प्राप्त राजश्व रकम दाखिला (फिर्ता) शिर्षकमा आवश्यक बजेटको समेत व्यवस्था भए अनुसार उक्त रकम केन्द्रीय सरकारको राजश्व शिर्षक नं. ३३३६१ मा दाखिला गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner